# भूमिकास्थान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

प.सं.०८१/०८२ नुवाकोट,अर्घाखाँची

च.नं. लुम्विनि प्रदेश,नेपाल मितिः २०८२/०१/१५

### धानको उन्नत वीउ माग तथा सप्लाई सम्वन्धि प्रस्ताव आवह्वान सूचना !!!

आ.व. २०८१/८२ मा भूमिकास्थान नगरपालिका कृषि विकास शाखा शसर्त बजेटबाट तपशीलका क्षेत्रहरुमा ५० प्रतिशत लागत साझेदारीमा **"खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान ( धान ) बीउ माग/सप्लाई कार्यक्रम"** संचालन गर्नुपर्ने भएकोले इच्छुक **कृषक** /कृषक **समूह/सहकारी/कृषि फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात (मिति २०८२/१/३० भित्र)** माग गर्ने कृषकहरुले सम्वन्धित वडा कार्यालयमा र सप्लाई गर्ने समुह/सहकारीले **भूमिकास्थान नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसार** सिलबन्दी दरभाउ तथा प्रयोगशाला परीक्षण प्रतिवेदन सहित **दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ।**सम्वन्धित वडाले **मिति २०८२/१/३१ भित्र** नगरपालिकामा माग पेश गर्नुपर्नेछ । रित नपुगेका र म्याद नाघिसके पछि प्राप्त आवेदन उपर कारवाही नहुने व्यहोरा अनुरोध छ ।

**कार्यक्रमहरु र कार्यक्रम छनोटका आधारहरु :**

| **कार्यक्रमको नाम** | **वाली** | जात | बाली लगाउने **क्षेत्रफल** रोपनि | बीउ माग / सप्लाई परिमाण के.जी. | **कैफियत** |
|---|---|---|---|---|---|
| **खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान** ( धान )बीउ माग कार्यक्रम | धान | हर्दिनाथ-६<br>खुमल-४<br>खुमल-११<br>खुमल वास्मति-१६ | | | धानको बीउ आवश्यक पर्ने कृषकले माग गर्ने । |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. निवेदन ।
२. सम्वन्धित निकायमा कृषि समूह/ कृषि सकहारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणप्रत्रको प्रतिलिपि।
३. कार्यक्रम संचालनहुने स्थान(जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता-पत्र ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्य समितिको निर्णयको प्रतिलिपी ।
६. स्थायी लेखा प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

राम बहादुर थापा
कृषि अधिकृत
राम बहादुर थापा
कृषि अधिकृत छैटौ

जब्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत
ज[illegible] चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत